**STUDY JAPAN**

६ महिना tuition fees & Hostel गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने

Intake: October/Jan

- Free NAT/JLPT classes
- Pay after visa
- 100% Part Time Job support
- Full support in Japan
- +12 & above can apply
- Scholarship available
- Translation & Documentation
- NAT/JLPT not required
- School & Location of your Choice
- **NAT/JLPT classes are running by language expert**

*Hurry up limited seat only*

**NADESHIKO** Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सगै)
977-61-522668, 533421,9805877868



राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ५ | अंक २५९ | श्रेणी 'क' | २०७१ असार १७ गते मंगलबार | 1 July, 2014 | पृष्ठ ४ | मूल्य रू. ३/-



5th EPS TOPIK कोरियाको लागि

**कोरियन भाषा**

- दक्ष तथा अनुभवी प्रशिक्षक ।
- EPS-TOPIK परीक्षा सम्बन्धी नि:शुल्क परामर्श ।
- सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
- FREE books with cd
- Regular class/ Mock test
- गुपमा आउनेहरुलाई विशेष छुट ।

Hurry Up!!

PLATFORM INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104


# पार्टी एकतावद्ध गर्ने नेताहरूको प्रतिवद्धता

## प्रतिनिधि चयन सकियो, विधान प्रकाशन, पाहुना थुप्रिंदै

**प्रकाश सिलवाल**
**काठमाडौं १६ असार ।**

समूहगतरूपमा आफ्ना प्रचार अभियान सञ्चालन गरिरहेका एमालेमा शीर्ष नेताहरू पार्टी केन्द्रीय कार्यालयको एउटै मञ्चमा सहभागी भएका छन् । वरिष्ठ नेता माधवकुमार नेपाल र संसदीय दलका नेता केपी शर्मा ओलीलाई अध्यक्ष बनाउन समूहगत भेला र गतिविधि भइरहेका बेला नवौं राष्ट्रिय महाधिवेशनको तयारीबारे जानकारी दिन सोमबार केन्द्रीय कार्यालयमा प्रचार प्रसार उपसमितिले आयोजना गरेको पत्रकार सम्मेलनमा नेता ओली बाहेक दुवै समूह निकट मानिने शीर्ष नेता सहभागी भए ।

संसदीय दलको बैठकका कारण नेता ओली उपस्थित हुन नसकेपनि अध्यक्ष झलनाथ खनाल, वरिष्ठ नेता नेपाल, उपाध्यक्ष वामदेव गौतम, महासचिव ईश्वर पोखरेल, सचिव शङ्कर पोखरेलगायतका नेता पत्रकारमाझ प्रस्तुत भए । नेताहरूले महाधिवेशनबाट सहमति वा निर्वाचनबाट नेतृत्य चयन भएपनि पार्टी सुदृढ, एकतावद्ध र गतिशील बन्ने उद्घोष पनि गरेका छन् । नेताहरूले छानिएर आएका प्रतिनिधि सार्वभौम भएकाले उनीहरूको निर्णय आफूले मान्ने बताए । अध्यक्ष खनालले महाधिवेशनपछि पार्टी नयाँ ढङ्गले अघि बढ्ने जनाउँदै नयाँ जनवादी क्रान्तिपछि समाजवादका आधार तय गर्दै मुलुकलाई निर्माणको युगमा लैजाने विश्वास व्यक्त गरे । अध्यक्षका प्रत्याशी नेता नेपाल वा ओली कसलाई तपाइँको समर्थन हो भन्ने प्रश्नमा अध्यक्ष खनालले स्पष्ट जवाफ दिएनन् । उनले आफू उम्मेदवार नबन्ने र सहमति भएमा अध्यक्ष बन्न तयार रहेको पुन: दोहोऱ्याए । खनालले भने,-'मेरो समर्थन सुदृढ, एकतावद्ध र प्रभावकारी एमाले बनाउने शक्तिलाई हुनेछ । पार्टीमा जतिवटा समूह भने पनि ती सबै हाम्रै मान्छे हुन् ।' उनले प्रतिनिधिलाई पनि प्रभावकारी एमाले बनाउने गरी भूमिका निर्वाह गर्न अपिल गरे । नेताहरूका समूहगत भेला र गुटबन्दी रोक्न सक्नुभए न नि ? भन्ने जिज्ञाशामा उहाँले भन्नुभयो, 'रेफ्रीले सिठी बजाउन नपाउँदै खेलाडी दौडेकाले यस्तो भएको हो ।' वरिष्ठ नेता नेपालले पार्टी र राष्ट्रलाई 'वायुपङ्खी वेग' झैं गतिशील बनाउन आवश्यक रहेको भन्दै एमालेले मात्रै मुलुकको नेतृत्व गर्न सक्ने भएकाले महाधिवेशनले चुनौतीको सामना गर्न सक्ने गतिशील नेतृत्व चयन गर्ने बताए । उनले सहमति हुन नसकेको अवस्थामा प्रतिस्पर्धाबाट नेतृत्व चयन भएमा पनि कुनै आपत्ति नहुने र कसैले कसैलाई छेकबार लगाउन नहुने उल्लेख गरे । उपाध्यक्ष वामदेव गौतमले महाधिवेशनपछि पनि एमाले एकतावद्ध हुने विश्वास व्यक्त गरे । महासचिव ईश्वर पोखरेलले पार्टीलाई अब आर्थिक सामाजिक रूपान्तरणमा लानका लागि महाधिवेशनले आधार तयार गर्ने बताए । प्रचार उपसमितिका संयोजक प्रदिप ज्ञवालीले सञ्चार माध्यमले एमालेबारे पछिल्ला एक महिनामा दिएको स्थानबारे विश्लेषण गरिरहेको र नेताहरूलाई तिक्ततापूर्ण बहसमा नउत्रन सुझाव दिइएको उल्लेख गरे ।

### नवौं महाधिवेशन ऐतिहासिक एकताको–थापा

नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापाले काठमाडौंमा हुने नवौं महाधिवेशन ऐतिहासिक एकताको महाधिवेशन हुने बताएका छन् । एमाले कास्कीले सोमबार आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले पार्टी महाधिवेशनमा प्रस्तुत गरिने दस्ताबेजमा सहमति भएकाले महाधिवेशन एकताको हुने दावी गरे । 'स्थायी समितिको दुई तिहाई मतले नेतृत्व हस्तान्तरण गर्ने निर्णय गरेकाले महाधिवेशन ऐतिहासिक हुने छ '-उनले भने । संस्थालाई बलियो बनाउनुपर्ने भन्दै उनले व्यक्तिसंग रिस उठेको छ भन्दैमा संस्थालाई बदनाम गर्न नमिल्ने बताए । उनले अवको पार्टी अध्यक्ष केपी ओली भएको समेत दावी गरे । 'अवको अध्यक्ष केपी ओली हो, माधव नेपाल सम्मानित नेता र झलनाथ वरिष्ठ नेता भएर बस्नुहुन्छ' उनले भने । ओली सर्वसम्वत अध्यक्ष हुने दावी समेत उनले गरे । अध्यक्ष थापाले नवौ महाधिवेशनमा कास्कीबाट नेतृत्वमा धेरै पर्ने दावी गरे । 'नवौं महाधिवेशनमा कास्कीबाट धेरै साथीहरुलाई नेतृत्वमा पार्न प्रयास गरिने छ । जुन गुटका भएपनि हामी सहयोग गर्न तयार छौं, त्यसका लागि आवश्यक प्रयास गरिने छ ।'पत्रकार सम्मेलनमा उनले भने । कास्कीलाई लडाएर केन्द्रमा खान खोज्ने प्रबृत्तिप्रति अव सचेत हुन आवश्यक रहेको छ उनले भने-'कास्कीलाई लडाएर पद खान पल्केकाहरु विरुद्ध एक भएर लडनुपर्ने आवश्यकता छ, कास्कीका नेताहरुलाई लडाएर खान खोज्नेहरु विरुद्ध लडनुपर्छ ।' उनले कास्की मिल्दैन् भन्दै पद लिनेहरु होसियार हुन समेत चेतावनी दिए । अध्यक्ष थापाले कास्कीबाट ७५ प्रतिशत गुट अन्त्य भएको दावी गर्दै नवौ महाधिवेशन पछि बाँकी २५ प्रतिशत गुट समेत अन्त्य हुने बताए । 'अव गुट अन्त्य गर्छौं, कार्यकताको इमान्दारिता, निरन्तरता र क्षमताको आधारमा जिम्मेवारी दिन्छौ ।' उनले भने । महाधिवेशनमा सहभागी हुन् कास्कीका प्रतिनिधिहरु १८ गते राजधानी प्रस्थान गर्ने तयारी गरिरहेको समेत उनले बताए । पत्रकार सम्मेलनमा एमाले कास्कीका प्रचार विभाग प्रमुख तेजनारायण अधिकारीले कास्कीबाट ४० जना प्रतिनिधि महाधिवेशनमा सहभागी हुने बताए ।

### नेकपा एमालेका नवौं केन्द्रीय महाधिवेशन

एमालेको महाधिवेशन प्रतिनिधिको चयन समाप्त भएको छ । निर्वाचित भएर दुई हजार २१४ प्रतिनिधि आएको एमालेले जनाएको छ । यसमा पाँच प्रतिशत मनोनयन हुन बाँकी छ । यसपछि प्रतिनिधिको सङ्ख्या दुई हजार ३२५ पुग्नेछ । प्राप्त प्रतिनिधि संख्यामा मेची-११९, कोसी-१४८, सगरमाथा-८८, जनकपुर-८९, नारायणी-१४१, बागमती-१३२, उपत्यका-१०८, गण्डकी-१२७, लुम्बिनी-१८९, धौलागिरी-४८, राप्ती-७४, भेरी-१२०, कर्णाली-५३, सेती-१०३, महाकाली-६१, केन्द्रीय कार्यालय र विभाग-२३, भारत प्रवास-३४, जनसङ्गठन-२०२, सम्पर्क विशेष-३४, अञ्चल समन्वय कमिटी-१७, प्रवास (भारतबाहेक) -२४ जना रहेका छन् । यसैगरी राजनीतिक र

*बाँकी अन्तिम पृष्ठमा......*

# मानवअधिकारका विषयमा संचारमाध्यम र पत्रकार गम्भीर बन्नुपर्नेमा जोड



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ असार ।**

नेपालका सञ्चार माध्यममा अझैपनि मानव अधिकारसंग सम्बन्धित विषयले प्राथमिकता पाउन नसकेकोले त्यसतर्फ संचारमाध्यम र संचारकर्मीले ध्यान दिनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । राष्ट्रिय मानव अधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरा र मानव अधिकार पत्रकार संघ हुर्जा कास्कीले सोमबार संयुक्त रुपमा आयोजना गरेको अभिव्यक्ति स्वतन्त्रता र मानव अधिकार मैत्री पत्रकारिता विषयक अन्तरक्रिया कार्यक्रममा बोल्ने बक्ताहरुले उक्त कुरामा जोड दिएका हुन् । पत्रिकाहरुमा कसैले सहयोग गरेको आधारमा समाचार आउने गरेकोले पनि मानव अधिकारका विषयले प्राथमिकता पाउन नसकेको भन्दै वक्ताहरुले पत्रकारिताको विकासका लागि विट पत्रकारिताको आवश्यकता रहेको समेत प्रष्ट पारे । पोखरामा अझैपनि विट पत्रकारिताको विकास हुन नसकेको उनीहरुले भने ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराका क्षेत्रीय प्रमुख डा.टीकाराम पोखेलले मानव अधिकारका लागि मानव अधिकार मैत्री पत्रकारिता, मानव अधिकार मैत्री पत्रकारिताका लागि पत्रकारको सुरक्षा विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा बोल्दै पोखेलले मानव अधिकार र पत्रकारिता एक अर्काका परिपुरक भएको स्पष्ट पारे । कसैलाई हानी पुऱ्याउने काम भएमा त्यो गम्भिर मानव अधिकार उल्लंघनमा पर्दछ उनले भने-त्यसैले पनि पत्रकारिता गर्दा अरुको अधिकार हनन नहुने गरि गर्नु पर्दछ । समाचार तयार पार्नु भन्दा पहिले त्यो समाचारले पछि कस्तो प्रभाव पार्दछ त्यो राम्ररी हेक्का राख्नुपर्ने उनको भनाई थियो । उनले समाचार तयार पार्द शव्दमा पनि ख्याल गर्न आग्रह गरे ।

शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका संयोजक वरिष्ठ अधिवक्ता तिलकप्रसाद आचार्यले अभिव्यक्ति स्वतन्त्रतामाथि सरकारले पटक पटक प्रहार गर्ने गरेको बताउँदै यसमा सजग रहनुपर्ने बताए । कार्यक्रममा नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष गंगाधर पराजुलीले पत्रकारिता मानवअधिकारमैत्री हुनुपर्ने भन्दै संचारमाध्यम र पत्रकारहरुले नै यस विषयमा गम्भीरता देखाउनुपर्ने बताए । उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने प्रयास बारम्बार भैरहेने गरेको भन्दै पत्रकारहरुले आफ्नो योग्यता र दक्षता अभिवृद्धि गर्दै पत्रकारितामार्फत समाज रुपान्तरणको पक्षमा लाग्नुपर्नेमा जोड दिए । कार्यक्रममा उपप्राध्यापक वेदहरि तिमिल्सिना, अधिवक्ता जनकल्याण पराजुली, इन्सेक पश्चिमाञ्चल कार्यालयका प्रमुख भोला महत, नागरिक समाज पोखराका अध्यक्ष रामबहादुर पौडेल, हुर्जा कास्कीका पूर्व अध्यक्ष कृष्ण अञ्जान पत्रकार महासंघ कास्कीका सदस्य जमुना शर्मा वर्षालगायतले आ-आफ्नो भनाई राखेका थिए ।

मानव अधिकार पत्रकार संघ हुर्जा कास्कीका अध्यक्ष राजेश पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष असफल गौतमले स्वागत र महासचिव वीरेन्द्र सापकोटाले कार्यक्रम


**थकाली भान्छाघर विक्रीमा**

पोखराको महेन्द्रपुल नजिकै नयाँबजारमा अत्यन्तै चालु अवस्थामा रहेको थकाली भान्साघर डेकोरेशन र अन्य सम्पूर्ण सामान सहित विशेष कारणवस तुरुन्त विक्रीमा छ ।

सम्पर्क : ०६१-५३८४११, ९८५६०३०७८७(वसन्त)


# मोदीद्वारा प्रम कोइरालाको स्वास्थ्यलाभ कामना

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं १६ असार ।**



स्वास्थ्योपचारको क्रममा संयुक्त राज्य अमेरिकामा रहेका प्रधानमन्त्री सुशील कोइरालाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एक शुभकामना सन्देश पठाएका छन् । प्रधानमन्त्रीका सञ्चार संयोजक प्रकाश अधिकारीका अनुसार उनले सन्देशमा प्रधानमन्त्री कोइरालाको पूर्ण स्वास्थ्यलाभ एवम् चाँडो सक्रिय राजनीतिक जीवनमा फर्कने प्रेरणा मिलोस् भन्ने अपेक्षा गरेका छन् । नेपाल र भारतबीच शदिऔंदेखि सहअस्तित्व,भ्रातृत्व र गहिरो एवम् विशिष्ठ प्रकारको मैत्री सम्बन्ध रहेकोमा जोड दिदै उनले हिमालय पर्वत,नदी नाला र परम्परागत रीतिरिवाजमा भएको समानताका कारण पनि दुइ देशबीचको सम्बन्ध थप मौलिक रहेको स्पष्ट पारेका छन् ।

दुई देशबीच रहेको खुला सिमानाका कारण पनि एक अर्काप्रति विश्वास र समझदारी गहिरो रहेकोमा जोड दिंदै भारतीय प्रधानमन्त्री मोदीले गत महिना आफ्नो पद तथा गोपनियताको शपथ ग्रहण समारोहमा प्रधानमन्त्री कोइरालाको गौरवमय उपस्थितिले पनि सो सम्बन्धमा थप टेवा पुगेको उल्लेख गरेका छन् ।

मोदीले सन्देशमा भनेका छन-"अन्य नेताहरूसँगै यहाँको सहभागिताले यस क्षेत्रको प्रजातन्त्रको सुदृढीकरणमा थप बल पुगेको छ भन्ने मलाई लागेको छ ।"नेपाल र नेपाली जनताको समृद्धि र उन्नतिको भारत सच्चा सर्मथक रहेको बताउँदै प्रधानमन्त्री मोदीले यहाँको प्रजातान्त्रिक प्रक्रियाले सार्थक निष्कर्ष प्राप्त गरोस र त्यसमा उल्लेख्य सफलता मिलोस् भन्ने कामना समेत सन्देशमा व्यक्त गर्नुभएको संयोजक अधिकारीले जानकारी दिएका छन् । प्रधानमन्त्री कोइराला फोक्सोमा क्यान्सर देखिएपछि हाल अमेरिकाको न्युयोर्कस्थित सोलान केटरिङ क्यान्सर सेन्टरमा उपचार गराइ

*बाँकी अन्तिम पृष्ठमा......*

# वर्गीकरणप्रति विरोध

**काठमाडौं १६ असार ।(रासस)**

प्रेस काउन्सिल नेपालले हालै गरेको पत्रपत्रिका वर्गीकरणप्रति लोकतान्त्रिक छापामाध्यम राष्ट्रिय समाजले आपत्ति जनाएको छ । काउन्सिलले गरेको पत्रपत्रिकाको मूल्याङ्कन पूर्णत: भेदभाव र पक्षपातपूर्ण रहेको समाजका अध्यक्ष दामोदरप्रसाद दवाडीद्वारा जारी विज्ञप्तिमा उल्लिखित छ । 'काउन्सिलले एकातिर २०६८/६९ को वर्गीकरणमा दुई वर्ष समय लगाएको र अर्कोतिर लोकतन्त्र र व्यावसायिक पक्षधर पत्रपत्रिकालाई मूल्याङ्कनमा तल पार्ने र हुबहुका नाममा समावेश नै नगर्नेजस्ता काम गरेको छ,' विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा लोकतान्त्रिक पक्षधर पत्रपत्रिकालाई छानीछानी घटुवा गर्ने एवम् हुबहुमा पार्ने तथा वामपन्थी पृष्ठभूमिका पत्रपत्रिकालाई हचुवाका आधारमा माथिल्लो श्रेणीमा राख्ने हल्का र हास्यास्पद काम भएको उल्लिखित छ ।


**घर भाडामा**

पोखराको महेन्द्रपुल नजिकै नयाँबजारमा रहेको सुविधा सम्पन्न घर भाडामा छ । वित्तीय संस्था, कन्सल्टेन्सी तथा कार्यालयका लागि आवश्यक केही पूर्वाधार तथा डेकोरेशन समेत दुईवटा सटर सहितको भुइँ तल्ला र पहिलो तल्ला भाडामा लिन चाहनेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क :
०६१-५२१४७४, ९८५६०२०६०१(योगेन्द्र)



An Interactive & Lively
**Seminar on New Zealand Study**

NorthTec TAI TOKERAU WĀNANGA — a New Zealand Govt. Owned Institute of Technology

Your aspiration of studying in New Zealand can be realized in one spot with North Tec—a New Zealand's largest Tertiary Education Provider!

Mr. Aditya Bhati
Head of Marketing (Indian Sub-continent)
NorthTec, New Zealand

Featured Courses
- Diploma in Engineering (Civil) - Level 6
- Diploma in Conservation and Environmental Management - Level 6
- Graduate Diploma in Accounting - Level 7
- Graduate Diploma in Project Management - Level 7
- Bachelor of Nursing - Level - 7

Other Courses:
Construction Management/Quantity Surveying/Architectural Technology/ Management/Business Information Systems

Special IELTS/CAE Classes going on.

SMS to Ms. Babita (9843044461) to register for the seminar.

Today

Immediate Intakes:
Sept/Oct/ (Auckland) & Feb/July (Whangarei)

Day : 1st July 2014, Tuesday
Time : 4:00 pm – 6:00 pm
Venue : Kangaroo Education Foundation Premises

Kangaroo EDUCATION FOUNDATION

Member of:

Head Office:
Padmodaya Mode Putalisadak, Ktm.
Tel: 4233107, 4233088

Pokhara Office:
Big Bite Building, Mahendra Pool
Pokhara, Tel.: 977-61-541474
Email: pokhara@kangaroo.edu.np
www.facebook.com/KangarooEdu

E-mail: info@kangaroo.edu.np, www.kangaroo.edu.np



**Accounting & Banking Training**

MATCOSC नै किन ?

यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरुबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा ग्यारेन्टीका साथ Job गर्नका लागि ।

**Manual Accounting:**
- Business Accounting (Hotel, Bank, NGO, School, Company)
- VAT, Income Tax, Banking

**Computrized Accounting:**
- Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO

*Free Admission, Certificate & Training Meterial*

*Mega Offer for +2, BBA/BBS Student*

Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533



**नेपालको एकमात्र अर्थोपेडिक (हाडजोर्नी तथा नशा) हस्पिटल जोरपाटी,काठमाडौंका वरिष्ठ डा. कैलाश भण्डारी पोखरामा**

के तपाई लामो समयदेखि हाडजोर्नी तथा नशाको समस्याबाट पीडित हुनुहुन्छ ? जस्तै हातखुट्टा करकरी दु:ख्ने, खुट्टा सुनिने, हात सुनिने, शरीरको सम्पूर्ण भागको मासु पोल्ने, हात खुट्टा झमझमाउने, युरिक एसिड, वाथ, नियमित उपचार गरी सन्चो नभएका बिरामी जस्तै हड्डीले नशा च्यापेको, हड्डी खिइएको, शरीरको सम्पूर्ण जोर्नीहरू दुख्ने, औषधि खाएर पनि सन्चो नभएका बिरामीहरूको सही उपचार गर्न जुन हाडजोर्नी, युरिक एसिड, वाथ रोग लाग्यो त्यही रोग सम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रही सही उपचार गर्न वरिष्ठ डा. कैलाश भण्डारी पोखरा आउँदै हुनुहुन्छ स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच मिति : असार २१ गते शनिबार
समय : बिहान ८ बजेदेखि दिउँसो २ बजेसम्म

सम्पर्क :
परिचित मेडिकल हल
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१४९४

■ अरुको भनाइ अनुसार सधैं नचल । आफ्नो निर्णयलाई गुरु मान । अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन । - सेक्सपियर

## सम्पादकीय . .

# सभासदको माग कति उचित ?

व्यवस्थापिका-संसद्का सभासद सदस्यहरूले आ-आफ्नो निर्वाचन क्षेत्रमा विकास निर्माणका कामहरूमा लगानी गर्न कम्तिमा पनि ५ करोड बजेट छुट्याइनुपर्ने माग गरेका छन् । केही दिन अघि पोखरामा पत्रकार सम्मेलन गर्दै एमाले सभासद रविन्द्र अधिकारीले पनि ५ करोड माग गरेका थिए । सभासद स्वयंलाई होइन जिविसमार्फत प्रत्येक निर्वाचन क्षेत्रमा ५ करोड रकम छुट्याउनुपर्ने माग उनले गरेका थिए । सभासदहरूले चुनावी प्रचारका क्रममा गरेका विकास निर्माणका प्रतिबद्धताहरू पूरा गर्नका लागि बजेटको माग गरेको भनेका छन् । चुनावमा मत माग्न जाने क्रममा जनतालाई बाँडेका आश्वासन पूरा गराउन सभासदहरूले राष्ट्रिय योजना आयोगसँग समन्वय गरेर वा आफ्नै जिल्लाको जिल्ला विकास समितिमार्फत सरकारसमक्ष माग राख्न सकेका भए सभासदहरूको नियतमा शंका गर्नुपर्ने अवस्था रहने थिएन । सभासदहरूले सिधै संसदमा आफ्ना माग राखेर उनीहरू विवादित बन्न पुगेका छन् । संविधानसभाको चुनावमा विजयी भएपछि सभासदहरूले पहिलो प्राथमिकतामा संविधान निर्माण कार्यलाई राख्नुपर्ने हो । संविधान निर्माण प्रक्रिया पट्यार लाग्ने किसिमको भइरहेको छ । संविधानसभामा पहिलो दोस्रो र तेस्रो हैसियत बनाएका राजनीतिक दलका शीर्ष नेताहरूले संविधानसभालाई अनिर्णयको बन्दी वनाइरहेका छन् । पहिलो सविधानसभाले झैं यो संविधानसभाले पनि संविधान निर्माण गर्न नसक्ने हो कि भन्ने चिन्ता सर्वत्र जनमानसमा देखिन थालेको छ । यस्तो अवस्थावीच सभासदहरूले आफ्नो कर्तव्यलाई बिर्सिएर विकास र निर्माणका नाममा बजेट माग गरेर दुनियाँलाई हँसाउने काम गरिरहेका छन् । एक वर्षभित्रै संविधान निर्माण गर्ने वाचा जनतासमक्ष गरिएको थियो । पहिलो वाचा पूरा नगरेर अरु झिनामसिना कुराहरूतिर सभासदहरू अल्मलिनु अवश्य पनि ठीक होइन ।

सविधानसभामा भन्दा बाहिर पनि राजनीतिक दलहरूको ठूलो संख्या छ । ३३ दलले त संविधानसभाको चुनावै बहिष्कार गरेका थिए । ती दलहरूको सहभागिताबिना बनाइने संविधानमा उनीहरूका एजेण्डाहरूलाई सम्बोधन गर्नु जरुरी छ । सभासदहरूले संविधान निर्माण गर्नकै लागि भत्ता पाइरहेका छन् । भत्ता खाएर आफ्नो कर्तव्य पालन नगर्ने सभासदहरूलाई सडकबाट कारबाही गर्नुपर्ने माग पनि उठ्न सक्ला । सडकमा ३३ दलको मोर्चालाई नेकपा -माओवादीले अगुवाई गरिरहेको अवस्था छ । यो शक्ति भनेको देशमा आमूल परिवर्तनका लागि हतियार उठाएको शक्ति हो । यही शक्तिको माग बमोजिम नै देशमा संविधानसभाको चुनाव गरिएको हो । यो शक्तिले नै चुनावलाई बहिष्कार गरेर गोलमेच सम्मेलनको माग गरिरहेको छ । गोलमेच सम्मेलनमार्फत् सहमति बनाएर संविधान निर्माण कार्यतर्फ लाग्नुपर्ने प्रस्ताव यो शक्तिले प्रारम्भदेखि नै गर्दै आएको छ । संविधानसभाका सभासदहरूले संविधानसभामा संविधान निर्माणका लागि दवाव सृजना गर्ने कार्यलाई प्राथमिकतामा लिनुपर्ने हो । तर त्यस्तो हुन सकिरहेको छैन । निर्वाचन क्षेत्रको विकासतिर ध्यान दिन थालियो भने संविधान निर्माण प्रक्रिया ओझेलमा पर्ने निश्चित छ । अरु जुनसुकै कुराको विकास भए पनि संविधान निर्माण गर्न सकिएन भने देश फेरि पनि संकटको बाटोतिर जाने निश्चित छ । देशलाई संकटमा जानबाट रोक्ने काम जनप्रतिनिधिहरूकै हो । जनप्रतिनिधिहरूले जनताका आवश्यकतातिर ध्यान पुऱ्याउनु जरुरी हुन्छ । जनतासँग आफूले गरेका बचनबद्धताप्रति सभासदहरू सचेत बन्नु जरुरी छ । अन्यथा अर्को पटक जनताले सोधेका प्रश्नहरूको जवाफ के दिने ? सभासदहरू सचेत बन्न जरुरी छ ।

## आजको पञ्चाङ्ग

**आज मिति २०७१ साल आषाढ १७ गते मंगलबार, तदनुसार जुलाई १ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । ग्रीष्म ऋतु चल्दै छ । चान्द्रमान अनुसार आषाढशुक्लपक्ष चलिरहेको छ । शौरमान अनुसार आज आषाढशुक्लपक्षको चतुर्थी तिथि ३१ घटि १३ पला अर्थात साझमा ५ बजेर ४२ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ । आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३४ घटि ३३ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १३ मिनेटमा जयदेज मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर २ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

**वृष** : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

**मिथुन** : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

**कर्कट** : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

**सिंह** : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

**कन्या** : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

**तुला** : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

**वृश्चिक** : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**धनु** : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

**मकर** : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

**कुम्भ** : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

**मीन** : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# शिक्षक संगठनद्वारा शिक्षक–शिक्षिकालाई सम्मान

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ असार ।**

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, कास्कीले शिक्षक सेवा आयोगको प्राथमिक तहको अन्तिम नतिजामा उत्तीर्ण शिक्षक-शिक्षिकालाई बधाइ ज्ञापन तथा सम्मान कार्यक्रम पोखरामा सम्पन्न भयो ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, कास्कीका अध्यक्ष रामप्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न कार्यक्रम सङ्गठनकी जिल्ला उपाध्यक्ष शान्तिदेवी रेग्मीले स्वागत मन्तव्य राखेकी थिइन् । कार्यक्रमका प्रमुख अतिथि तथा नेकपा, एमाले जिल्ला कमिटि कास्कीका अध्यक्ष कृष्ण थापाले शैक्षिक संस्थाको वर्तमान अवस्था केलाउँदै संस्थागत विद्यालयको शिक्षण पद्धतिलाई सामुदायिक विद्यालयमा पनि प्रयोग गर्न सके सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गराउन सकिने विचार व्यक्त गर्दै नयाँ शिक्षकहरुलाई यसतर्फ मार्ग निर्देश गरेका थिए ।

सङ्गठनका केन्द्रीय उपाध्यक्ष तथा कार्यक्रमका विशिष्ट अतिथि दीपक पौडेलले उत्तीर्ण शिक्षकहरुलाई बधाइ व्यक्त गर्दै सङ्गठनमा आबद्ध शिक्षकहरु विगतमा नमुना बनेका र भविष्यमा पनि अनुकरणीय बन्नुपर्नेमा जोड दिए । साथमा विज्ञान तथा प्रविधिमा सन्तुलित बन्दै शिक्षणमा अगाडि बढ्नपर्ने विचार व्यक्त गरेका थिए ।

नेपाल शिक्षक युनियन, कास्कीका अध्यक्ष तथा कार्यक्रमका अतिथि जगन्नाथ अधिकारीले आफ्नो शिक्षण अनुभव बताउँदै गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने आवश्यकता औंल्याएका थिए । एसएलसी परीक्षाको घट्दो नतिजालाई सुधार गर्ने काममा नयाँ शिक्षकहरुको विशेष भूमिका हुनुपर्ने कुरा व्यक्त गरे ।

विज्ञानका आविस्कारलाई समुचित मात्रामा प्रयोग गर्दै शिक्षणलाई प्रभावकारी बनाउनु पर्नेमा अधिकारीले विशेष जोड दिए । सङ्गठनका जिल्ला उपाध्यक्ष रोमहर्षण पौडेलले उत्तीर्ण शिक्षकहरुलाई बधाइ एवम् शुभकामना व्यक्त गर्दै कार्यक्रम व्यवस्थापनमा सहयोग पुऱ्याउने सम्पूणलाई धन्यबाद ज्ञापन गरेका थिए । उत्तीर्ण शिक्षकहरुको प्रतिनिधित्व गर्दै सफल उम्मेदवार गौरीसरा गुरुङले सङ्गठनले गरेको सहयोगप्रति कृतज्ञता व्यक्त गर्दै सङ्गठनको भविष्यलाई झन् बलियो बनाएर लैजाने प्रतिबद्धता व्यक्त गरेकी थिइन् । कुल ८८ जना उत्तीर्ण शिक्षकहरुको सहभागिता रहेको कार्यक्रमलाई रोचक बनाउन उत्तीर्ण शिक्षक खिमलाल बाँस्तोलाले शैक्षिक परिवेश झल्कने खालको लोकगीत प्रस्तुत गरेका थिए । सङ्गठनका जिल्ला कोषाध्यक्ष बोधराज पौडेलको सञ्चालनमा सम्पन्न कार्यक्रमको जानकारी शिक्षक रेशमप्रसाद ढकालले दिए ।

# मामिता गौतम स्मृति प्रतिष्ठानको बैठक

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ असार ।**

ममिता गौतम स्मृति प्रतिष्ठानको बैठक सोमबार स्पन्न भएको छ । उक्त बैठक अध्यक्ष ऋषिराम विश्वकर्माको अध्यक्षता सम्पन्न भएको थियो । बैठकले २०७० सालको एस.एल. सी उर्त्तीण उत्पीडित, दलित छात्र, छात्राहरुलाई जिल्लाव्यापी रुपमा अभिनन्दन गर्ने, शिक्षा क्षेत्रमा लामो समय योगदान दिएका व्यक्तित्व समाज सेवामा दीर्घकालिन योगदान दिएका व्यक्तित्व र दलितका हक अधिकारको लागि समर्पित १ जना महिला र १ जना पुरुषलाई सार्वजनिक सम्मान गर्ने विभिन्न विद्यालयमा अध्ययनरत छात्र, छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने निर्णय गरेको छ ।

सो अवसरमा भारतीय संविधान निर्माता डा.भीमराव अम्बेडकर राष्ट्रिय गौरव सम्मान द्वारा सम्मानीत व्यक्तित्व खरिलाल विश्वकर्मा कालिका गा.वि.स. आमा समुह द्वारा दलितको क्षेत्रमा काम गरे बापत सम्मानित व्यक्तित्व यस प्रतिष्ठानका कोषाध्यक्ष निर्मल दियाली सुनार र ज्ञानज्योति पुस्तकालय कार्यसमितिमा निर्वाचित सदस्य शिवलाल विश्वकर्मालाई खादा ओढाएर सम्मान गरिएको थियो ।

भेलामा बोल्ने वक्ताहरुले ममिता गौतम स्मृति प्रतिष्ठानले शिक्षा, सामाजिक, गरिब दलित विपन्न वर्गका बालबालिकालाई छात्रा वृत्ति शैक्षिक सामाग्री वितरण र समाज सेवामा लागेका व्यक्तित्वलाई सम्मान गरेर राम्रो कार्य गरेको बताए ।

कार्यक्रममा उपाध्यक्ष बम बहादुर घताने, लाल सिहं घताने, तारा गौतम, चन्द्रकला सेन्चुरी, खड्कु रसाईली, धन बहादुर नेपाली, खरिलाल विश्वकर्मा, निर्मल दियाली, शिवलाल विश्वकर्मा संरक्षक चन्द्रकिशोर गौतम लगायतले आ-आफ्ना भनाइ राखेका थिए । अध्यक्ष ऋषिराम विश्वकर्माले सदैब सहयोग गर्ने सहयोग दाता शुभचिन्तक समाजसेवीहरुमा धन्यवाद दिदै कार्यक्रम सफल पार्न सबैलाई आग्रह गरे ।

# तीन महिने पौढ शिक्षा तालिम सकियो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ असार ।**

कुँवर टोल विकास संस्था पोखरा ८ को आयोजना तथा जिल्ला शिक्षा कार्यालय कास्कीको सहयोगमा आयोजित तीन महिने पौढ शिक्षा तालिमको सोमबार समापन गरिएको छ ।

समापन कार्यक्रममा बोल्दै जिल्ला शिक्षा कार्यालय कास्कीका प्रमुख अम्बिका आर्चायले सवैका लागि शिक्षाको नारालाई सार्थक पार्नको लागि सवैलाई शिक्षा प्रदान गर्नुपर्ने बताए । अभ्यास विना शिक्षाले पूर्णता नपाउने भएको हुँदा आफूले सिकेका कुरालाई अभ्यास गर्न सवैलाई आग्रह गरे । कास्की जिल्लालाई पूर्ण साक्षरता जिल्ला घोषणा गर्नका लागि तीव्ररुपमा कार्य भैरहेको उनतले बताए । कास्कीमा अहिले ७ वटा गाविस र उपमहानगरपालिका भित्रको १६ नम्वर वडा लाई पूर्ण साक्षरता घोषण गरिएको छ ।

सारक्षता जिल्ला घोषणको अभियानमा लागिरहेको अवस्थामा पोखरा उपमहानगरपालिका वडा नम्वर ८ का ३० जना महिलाहरुलाई पौढ शिक्षा दिइएको हो । कार्यक्रममा बोल्दै पोखरा उपमहानगर पालिकाका कार्यक्रम अधिकृत दुर्गा न्यौपानेले शिक्षाले मात्रै सवैको विकास गर्न सकिने बताइन । कुँवर टोल विकास संस्थाका अध्यक्ष पार्वती पौडेलको अध्यक्षतामा भएको समापन कार्यक्रममा बोडकास्टिङ्ग एशोसियसन अफ नेपाल बानका केन्द्रिय सचिव दुर्गा अधिकारी, मानव मिलन नारी जागरण नेपालका अध्यक्ष सावित्री शर्मा, आर्दश समाज राष्ट्रिय दैनिकका प्रवन्धक दुर्गादेवी बाँस्तोला, सृजना विकास केन्द्रका अध्यक्ष रुद्रनाथ बराल, वडा समन्वय समिति पोखरा ८ का अध्यक्ष शारदा गिरी, नेपाली काग्रेस वडा नम्वर ८ का अध्यक्ष सानो टेकन गिरी, प्रशिक्षक कमला कुवँर, कुँवर टोल विकास संस्थाका सचिव राजकुमार श्रेष्ठ, कोषध्यक्ष गोमा गिरी लगायतले आ-आफ्नो भनाई राखेका थिए ।


**Study & Work in Europe**
**Newzeland/Poland/Netherland/ Switzerland**
*Intake: September, October*
❖IETS/TOFELS (Optional)
❖Pay After Visa
❖IELTS 5.5 Only for Netherland
❖High Visa Sucess rate till now
❖Gap uo-to 3 years, Part time job 20hr Per Week
**Contact**
**Career Makers Education Pvt.Ltd.**
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

**अब सस्तोमा विज्ञापन**

| साइज 1col x 5 cm | साइज 2col x 5 cm |
|---|---|
| ३ दिनको लागि रू २५०/-मात्र | ३ दिनको लागि रू ५००/-मात्र |
| ७ दिनको लागि रू ५००/-मात्र | ७ दिनको लागि रू १०००/-मात्र |

सम्पर्क : गोल्डेन न्यूज राष्ट्रिय दैनिक
फोन : ०६१-५३९४५५,५२२२२२ मो.९८५६०३४६०१

**रेष्टुरेन्ट तु विक्रीमा**
तुरुन्त खरिद गर्नेलाई ५०% छुट का साथ रेष्टुरेन्ट विक्रीमा
मूल्य रू. २ लाख मात्रा-
सम्पर्क : ९८०४१९३४७०

**हामी सरेका छौं**
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७
पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions
अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)
इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स ... the printer house

**चाया, पोतो र डण्डिफोर Bye Bye**
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
ग्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोनः ९८४६१५४१८८, ०६१-५२४९५४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

**तुरुन्त खानेपानी चाहिएमा**
मेनेजरः ९८४६५२४७०७
अफिसः ०६१ -४६६४७९
ट्याङ्करः ९८४६५२४७०८
मिनरल वाटरः ९८४६५२४७०६
जारपानीः ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

**आवश्यकता**

| | | |
|---|---|---|
| कुक | - | १ जना |
| कुक हेल्पर | - | १ जना |
| डिस वासर | - | १ जना |
| हाउस किपङ्ग | - | २ जना |
| रुम व्वाई/वेटर | - | २ जना |
| नाइट गार्ड | - | १ जना |

अनुभवीलाई विशेष प्राथमिकता
सम्पर्क : ०६१-४६२८५७, ९८१४१२६३०२

**पसल विक्रीमा**
डिहिकोपाटन मेनरोडमा पर्ने पसल तु विक्रीमा छ । कोठा सहित सटर भएको ।
सम्पर्क
फोन : ०६१-४६२८५७
मो. ९८१४१२६३०२

**क्या मजजा !**
World Cup 2014
ठूलो पर्दामा हेर्दा छुट्टै मजजा
प्रोजेक्टर चाहिएमा
फोन : ९८५६०२१८८२

**नि:शुल्क कम्प्युटर तालिम**
यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्यूटमा नि:शुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सृजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विन्ध्यवासिनी, पोखरा-२
061-527435, 9846566480

**खुशीको खबर ! खुशीको खबर !!**
सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।
सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

**आवश्यकता**
महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता ।
अगरवत्ति बनाउनेमा- महिला गृहणी, युवती- २१ जना
पोष्ट कार्ड बनाउनेमा- युवा/युवती/विद्यार्थी-१६ जना
❖शिपमूलक तालिम सहित रोजगारको १००% ग्यारेन्टी
❖तलव कामको दक्षता तथा क्षमताको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
❖आफ्नै घरमा सामाग्री लगेर जुनसुकै समयमा काम गर्न सकिने ।
सम्पर्क : ९८४६७०८१०९, ९८१६६३७२९१
महेन्द्रपुल, पोखरा

**भर्ना खुल्यो**
RAI School announce Admission open for + 1
(Best college in kathmandu)
Tel: 01-4911685
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380
Contact Us for : General Banking, Accounting Training

**खानेपानी चाहिएमा**
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

**विदेश जानेहरुका लागि सुवर्ण अवसर**
दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरू :-
शतप्रतिशत उत्तीर्ण गराउन सफल
आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
अन्तरवार्ता भइरहेको छ ।
सम्पर्क फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

# संवैधानिक निकायको संरचनासम्बन्धी प्रतिवेदन सम्बन्धित समितिमा

**काठमाडौं १६ असार ।(रासस)**

संविधासभाको सोमबारको बैठकले तत्कालीन संवैधानिक निकायको संरचना निर्धारण समितिको मस्यौदा र तत्कालीन संवैधानिक समितिको मस्यौदामा भएका सहमतिको निर्क्यौलसम्बन्धी प्रतिवेदनलाई संविधानको प्रारम्भिक मस्यौदाका लागि संविधान मस्यौदा समितिमा पठाइयोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको छ । संविधानसभा अध्यक्ष सुवास नेम्वाङले ती दुवै प्रतिवेदनलाई उक्त समितिमा पठाइयोस् भनेर प्रस्ताव गरेका थिए ।

यसैगरी बैठकले तत्कालीन संवैधानिक निकायको संरचना निर्धारण समितिको मस्यौदा र तत्कालीन संवैधानिक समितिको मस्यौदामा भएका असहमतिको निर्क्यौलसम्बन्धी प्रतिवेदनका साथै प्रस्तुत असहमतिका विषयलाई सहमति गर्न आवश्यक निर्देशन सहित संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्विकृत गरेको छ ।

संविधान अध्ययन तथा निर्क्योल समतिका सभापति विष्णु पौडेलले सो प्रतिवेदनमा उठेका प्रश्नको जवाफ दिँदै समयमै सम्बन्धित समितिमा उठेका विषयहरूलाई सम्बन्धित समितिमा पठाइने र प्राप्त सुझावले संविधान निर्माणमा सहयोग पुग्ने बताउँदै सहमति भएका कुरालाई संविधान मस्यौदा समितिमा र असहमति भएकालाई संवैधानिक-राजनीतिक संबाद तथा सहमति समितिमा पठाउन आग्रह गरेका थिए ।

यसअघि बैठकमा तत्कालीन संवैधानिक निकायको संरचना निर्धारण समितिको मस्यौदामा भएका सहमति तथा असहमतिको निर्क्योलसम्बन्धी प्रतिवेदका साथै तत्कालीन संवैधानिक समितिको मस्यौदामा भएका सहमति र असहमतिको निर्क्योलसम्बन्धी प्रतिवेदनमाथिको छलफलमा सहभागी सभासद्हरूले हाल विद्यमान आयोगका साथै उत्पीडित वर्ग, क्षेत्र, समुदायलाई अघि बढाउन जातीय, वर्गीय र क्षेत्रीय आयोग गठन गर्नुपर्ने तर्क गरेका थिए । केही सभासद्ले भने स्थायी प्रकृतिको आयोगका अलावा अन्य आयोग बनाउन आवश्यक नभएको तर आवश्यक परेका बखत अस्थायी प्रकृतिको आयोग बनाइनुपर्ने, सङ्घीयतामा जाँदा आयोगको प्रभावकारिता विषयमा प्रश्न उठ्नसक्ने उल्लेख गरे ।

छलफलमा सभासद् मनबहादुर विश्वकर्माले समावेशी आयोग बन्नुपर्ने, त्यस्ता आयोगमा अध्यक्षसहितको सात जनासम्म सदस्य राखिनुपर्ने आवश्यकता औँल्याए । सभासद् हितराज पाण्डेले पछि पारिएका वर्ग समुदाय क्षेत्र जातिसँग सम्बन्धित आयोगका साथै किसान तथा मजदुर आयोग पनि बनाउनुपर्ने बताए ।

सभासद् नारायणमान विजुक्छेले विभिन्न जातजाति भाषाभाषी र धर्मको सम्मान गरिनुपर्ने बताए । उनले स्थानीय निकायको निर्वाचन नगराउनु भनेको गणतन्त्रलाई ध्वस्त बनाइने भएकाले स्थानीय निकायलाई बलियो बनाउन निर्वाचन गरिनुपर्छ,, राजदूतको नियुक्तिमा समावेसीता अपनाइनुपर्छ र समाजवादको बारेमा जनमत सङ्ग्रह गरिनु पर्दछ भने । सभासद् शिवलाल थापाले मधेस आन्दोलनका साथै थारूहट मुस्लिम आन्दोलनलाई पनि समावेश गरिनुपर्ने, आयोगलाई राजनीतिक दलले भागबण्डाको आधारमा भर्ती गराउँदा त्यस्ता आयोगले प्रभावकारी काम गर्न नसक्ने, संविधान निर्माणपछि मात्र स्थानीय निकायको निर्वाचन गरिनुपर्ने धारणा राखे ।

सभासद् प्रेमबहादुर सिंहले सङ्घीयतामा जाँदा केन्द्रमा भरमार आयोग गठन गर्दा सङ्घ कमजोर बन्न जाने बताउँदै हाल विद्यमान आयोगलाई कायम राखेर सङ्घीयतामा जाँदा अन्य आयोग गठन गर्दा तिनको छाता आयोग गठन गरिनुपर्नेमा जोड दिए । सभासद् डा गणेशमान गुरुङले लोकसेवा आयोग, मानव अधिकार आयोग, निर्वाचन आयोग स्थायी प्रकृतिका आयोग भएकाले तिनको महत्व रहने उल्लेख गर्दै तर जातीय, वर्गीय, क्षेत्रीयरूपमा विभिन्न आयोग गठन हुनु सान्दर्भिक नहुने उल्लेख गरे । सभासद् गगनकुमार थापाले व्यवस्थापिका, कार्यपालिका र न्याय पालिकासँग आयोगको सम्बन्ध जोडिने हुँदा ती निकायका विषयमा निर्णय भएपछि मात्र आयोगको बारेमा छलफल हुनु आवश्यक हुने बताउँदै संविधानमा सङ्घीयतालाई अपरिवर्तनीय धारामा राखिनुपर्ने धारणा राखे ।

सभासद् चन्द्र भण्डारीले राज्यको सम्पत्तिको दुरूपयोग हुन नदिन, निर्वाचन सम्पन्न गराउन र आर्थिक विकृति हुन नदिन र सुशासनका कायम राख्न सुझाव दिए । सभासद् दीपक बोहराले सरकारमा रहेका व्यक्तिले नै राजनीतिक आस्थाका भरमा आफ्ना कार्यकर्ता भर्ती गर्ने परम्पराले आयोगको प्रभावकारिता नरहने उल्लेख गरे । डा डिम्पलकुमारी झा, महेन्द्रबहादुर शाही, हरिलाल ज्ञवाली, जानकीकुमारी साउद, रमेशकुमार कुर्मी, कुमार खडका, प्रतीक्षाकुमारी तिवारी, राज्यलक्ष्मी श्रेष्ठ ( नुवाकोट), कमला पन्तलगायतले पनि आयोगका विविध पक्षमा आ-आफ्नो धारणा व्यक्त गरे । ती सभासद्हरूले धेरै आयोग गठन गरेर राष्ट्रलाई सङ्कटमा पार्न नहुने, बढीमा पाँच वटासम्म आयोग गठन गरिनुपर्ने सबै जातजाति समुदाय वर्ग र क्षेत्रलाई समेटनेगरी छाता आयोगको रूपमा सामाजिक समावेशीकरण आयोग गठन गरिनुपर्ने, आयोग अधिकारमुखी भन्दा कर्तव्यमुखी हुनुपर्ने, आयोगलाई राजनीतिक आस्थाका आधारमा कार्यकर्ता भर्तीकेन्द्र बनाउन नहुने धारणा राखे ।

गत शुक्रबारदेखि प्रारम्भ भएको सो छलफलमा सोमबार ३७ सभासद्ले भाग लिएका थिए । विगतमा सहमति हुन नसकेका प्रतिवेदनमा उल्लेखित १२ बटा आयोगका सम्बन्धमा छलफल केन्द्रित थियो । संविधानसभाको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरिएको छ ।

# लागुपदार्थ र एचआईभी एड्स सम्वन्धी अभिमुखीकरण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १६ असार ।**

नौलो घुम्ती नेपाल र लागुपदार्थ तथा एचआईभी एड्स रोकथाम तथा नियन्त्रण समिति, लेखनाथ नगरपालिका-१ को संयुक्त आयोजनामा एक दिने लागुपदार्थ र एचआईभी एड्स सम्वन्धि अभिमुखीकरण कार्यकम सोमबार लेनपा-१ सैनिक बस्तीको नवदुर्गा आमा समूहको भवनमा सम्पन्न भयो ।

कार्यक्रममा नौलो घुम्ती नेपालका उपाध्यक्ष मेहरमान श्रेष्ठले नौलो घुम्ती नेपाल र यसले लागुपदार्थ र एचआईभी रोकथाम तथा नियन्त्रण, सामाजिक र आर्थिक विकासमा पुर्‍याएको योगदानको वारेमा जानकारी गराएका थिए । त्यस्तै नौलो घुम्तीकै लागुपदार्थ परामर्श, उपचार तथा पुनस्थापना कार्यकमका कार्यक्रम संयोजक मना ज्ञवालीले लागुपदार्थ प्रयोगकर्ता दिनानुदिन बढ्दै गएको अवस्थामा व्यक्ति परिवार र समाज सचेत हुन पर्नेमा जोड दिए । परामर्शकर्ता ओम गुरुङले लागुपदार्थ तथा एचआईभीको समस्या र समाधानबारे सहभागीहरुलाई अभिमुखीकरण गरेका थिए । त्यसैगरी महिला सेवार्थी प्रिती गुरुङ्गले लागुपदार्थको दुर्व्यसनको कारण आफुले भोग्नुपरेका समस्या र नौलो घुम्तीको सेवाबाट लागु पदार्थ मुक्त भईसकेपछिका अनुभवहरु सहभागीहरु समक्ष बताएका थिए ।

सो अभिमुखीकरण कार्यकम लागुपदार्थ तथा एचआईभी एड्स रोकथाम तथा नियन्त्रण समिति, लेखनाथ नगरपालिका-१ का अध्यक्ष मोति गिरीको अध्यक्षतामा सम्पन्न भएको थियो । समितिका उपाध्यक्ष रीता अधिकारीले स्वागत मन्तव्य राखेकी थिइन । कार्यक्रममा सहभागी स्थानीय समाजसेवी भिमकाजी गुरुङ्गले यस्ता कार्यक्रम समाजमा बेला बेलामा ल्याइनुपर्नेमा जोड दिए । उक्त कार्यकममा लेनपा १ सैनिकबस्ती ग्रुप १ देखि ५ का र मुसेटुँडाका गरी ५ वटा आमा समूह ६ वटा टोल बिकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरु साथै अन्य स्थानिय समुदायहरु गरी करिब १०० जना सहभागी भएका थिए ।

कार्यक्रममा लागुपदार्थ सम्वन्धि मुक्ति नामक वृत्त चित्र पनि प्रर्दशन गरिएको थियो । लागुपदार्थ तथा एचआईभी एड्स रोकथाम तथा नियन्त्रण समिति लेनपा-१ का सचिव रामजी पौडेललेले गरेको उक्त कार्यक्रमको अन्त्यमा समितिका कोषाध्यक्ष ज्योति थापाले धन्यवाद ज्ञापन गरेकी थिइन ।

# जलविद्युत्मा गाउँलेको सवा दुई करोड सेयर

**बाग्लुङ १६ असार ।(रासस)**

बाग्लुङ जिल्लाको तारा गाविसमा निर्माणाधीन ताराखोला सामुदायिक जलविद्युत् आयोजनामा स्थानीय जनताले सवा दुई करोड रुपैयाँको सेयर लगानी गरेका छन् । दुई वर्षअघि सुरु भएको ३९४ किलोवाट क्षमताको उक्त आयोजनामा तारा, हिल र अर्गल गाविसका दुई हजार २०० घरधुरीले सेयर राखेका हुन् । प्रतिघरधुरीले रु १५ हजार अनिवार्य रूपमा सेयर लगानी गरेको आयोजनाले जनाएको छ ।

आयोजनामा स्थानीय जनताको सहभागिता र स्वामित्व बढाउन अनिवार्य सेयर राख्ने व्यवस्था गरिएको आयोजनाका अध्यक्ष तीर्थसिंह थापाले बताउनुभयो । कतिपय घरधुरीले भने स्वेच्छिक रूपमा रु १५ हजारभन्दा बढी रकम सेयर राखेको अध्यक्ष थापाले जानकारी दिनुभयो । आगामी डेढ वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको यस आयोजनाले तारा र हिल गाविसका सबै र अर्गलका वडा नं ६ लाई मात्र समटेको छ ।

विद्युत् उत्पादन भएपछि आयोजनाले प्राप्त गर्ने लाभ स्थानीय जनतालाई पनि वितरण गरिने अध्यक्ष थापाको भनाइ छ । “दुई हजार २०० घरधुरीले रु दुई करोड २५ लाख सेयर राख्नुभएको छ, यसले आयोजनाप्रति स्थानीय जनताको स्वामित्व पनि सिर्जना गरेको छ”, अध्यक्ष थापाले भने । त्यस क्षेत्रका दुई हजार २०० घरधुरीमा विद्युत् सेवा पुग्नाका साथै अन्य विविध काममा समेत विद्युत् उपयोग हुने जनाइएको छ । पछि गएर आयोजनाबाट निस्कने विद्युत् केन्द्रीय प्रसारणमा जोड्न पनि सकिने छ । रु १६ करोडभन्दा बढीको लागतमा बन्न लागेको आयोजनाको लागि नेपाल सरकारअन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले रु छ करोड २७ लाख ८० हजार अनुदान सहयोग स्वीकृत गरेको छ । बागलुङकै पहाडी हाइड्रोपावर कम्पनीले पनि आयोजनामा रु एक करोड सेयर लगानी गरेको छ । हालसम्म रु पाँच करोड लागतमा मुहान, ९०० मिटरको कुलो, फोरवे, डिस्टेनिङलगायतका सिभिल निर्माणका काम पूरा भइसकेको आयोजनाका इन्जिनियर राजेन्द्र खनालले बताए । यस्तै, ३०० मुख्य लाइनका पोलहरू पनि गाडिसकिएको छ । सिभिल कामबाहेक बाँकी रहेका मेकानिकलतर्फको कामका लागि टेन्डर आह्वानको प्रक्रिया अघि बढाइएको छ । आयोजनाका लागि तारा-८ घप्लेङमा मुहान निर्माण गरी कुलोमार्फत पानी ल्याएर तारा-८ कै धस्मरमा विद्युत् गृह निर्माण गरी विद्युत् निकाल्न लागिएको हो । आयोजना सम्पन्न गर्न अझै रु छ करोड रकम आवश्यक पर्ने बताइएको छ ।

## मोदीद्वारा...

रहेका छन् । यसैबीच नेपाली काँग्रेस केन्द्रीय समिति र संसदीय दलले पनि प्रम कोइरालालको स्वास्थ्य लाभको कामना गरेको छ । कार्यबाहक सभापति रामचन्द्र पौडेलको सभापतित्वमा पहिलो पटक बसेको काँग्रेसको बैठकमा संयुक्त राज्य अमेरिकामा उपचाररत सभापति एवम् प्रधानमन्त्री सुशील कोइरालाको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै उनको स्वास्थ्य अवस्थाबारे यथार्थ जानकारी गराइएको थियो । सोमबार बसेको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रममाथि पनि छलफल भएको छ । बैठकमा अधिकांश केन्द्रीय सदस्य एवम् सभासद्हरूले हिजोमात्र सरकारले व्यवस्थापिका-संसद्मा प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि टिप्पणी गर्दै आवश्यक सुझाव दिएको केन्द्रीय सदस्य एवम् प्रवक्ता दिलेन्द्रप्रसाद बडूले बताए ।

बैठकमा केन्द्रीय सदस्य एवम् सभासद्हरूले नीति तथा कार्यक्रमले ऊर्जासम्बन्धी राष्ट्रिय प्राथमिकताका योजनालाई समेट्न नसकेको गुनासो गरेका थिए । हरेक जिल्ला र गाउँमा बजेट बाँडफाँड सन्तुलित तवरले हुनुपर्ने माग गर्दै केन्द्रीय सदस्य एवम् सभासद्हरूले प्राथमिकतामा परेको ठूला योजनामा लगानीकर्तालाई जानकारी हुने गरी बजेट ल्याउन सरकारलाई सुझाव दिएको प्रवक्ता दिलेन्द्रप्रसाद बडूले जानकारी दिए । प्रवक्ता बडूका अनुसार कार्यबाहक सभापति पौडेलले सोमबार बिहानमात्र सभापति कोइरालासँग टेलिफोन सम्पर्क भएको र चिकित्सकका अनुसार असार १८ देखि २३ गतेसम्म रेडियोथेरापी उपचार विधि सकेर दुई दिन आराम गरी प्रधानमन्त्री कोइराला स्वदेश फर्किने जानकारी बैठकमा दिएका थिए ।

# सडकको ट्रिपर घरमा जोतिंदा दुईको मृत्यु

**धादिङ १६ असार ।(रासस)**

पृथ्वी लोकमार्गअन्तर्गत नौबिसे नागढुङ्गा सडकखण्डको पिपलमोडमा ट्रिपरको ठक्करबाट घरभित्र सुतिरहेका दुई जनाको मृत्यु भएको छ । गएराति थानकोटबाट नौबिसेतर्फ हिँडेको बा२ख ३९९२ नम्बरको ट्रिपर अर्को एक गाडीलाई ओभरटेक गर्न लाग्दा घरभित्र पसेर पिपलमोड निवासी ७० वर्षीय बलराम बोहोरा र मैयाँ बोहराको घटनास्थलमै मृत्यु भएको हो । मृतक बलराम र मैयाँ श्रीमान् श्रीमती हुन् । दुवै जनाको शव टाउको किचिएको अवस्थामा बिहान मात्रै निकालिएको थियो । प्रहरीका अनुसार तीव्र गतिमा आएको ट्रिपर गाडीलाई ओभरटेक गर्न लाग्दा अनियन्त्रित भई सडक छेउमा रहेको घरमा जोतिन गएको थियो ।

## पार्टी ...

*साङ्गठनिक प्रतिवेदन सार्वजनिक गरिसकेको एमालेले विधान संशोधनलाई पनि प्रकाशनमा ल्याएको छ । अध्यक्ष खनालको संयोजकत्वमा गठित कार्यदलले विधानलाई अन्तिम रूप दिंदै प्रकाशन गरेको हो ।*

*यसैगरी प्रचार उपसमितिले काठमाडौं उपत्यकाका सबै चोक, उपत्यकाभित्रका क्याम्पसहरू, आकाशे पुलमा ब्यानर तथा होर्डिङ बोर्ड स्थापना गरेको छ भने यही असार १८ गतेदेखि महाधिवेशनको सचिवालय महाधिवेशनस्थल भृकुटीमण्डपमा स्थापना हुने एमालेले जनाएको छ ।*

*यसैबीच महाधिवेशनमा भाग लिन भाकपा (मार्क्सवादी), भाकपा, भाकपा (माले लिवरेशन), फरवार्ड ब्लक, रसियन कम्युनिष्ट पार्टी, रिभोल्युसनरी कम्युनिष्ट पार्टी अफ बङ्गलादेश, कम्युनिष्ट पार्टी अफ श्रीलङ्का, पिपुल्स पार्टी अफ कम्बोडियाबाट कन्फर्मेसन प्राप्त भएको जनाएको छ । यस्तै संविधानसभामा प्रतिनिधित्व गर्ने सबै पार्टी तथा नेकपा-माओवादीका प्रतिनिधिलाई पनि आमन्त्रण गरिएको जनाइएको छ । पत्रकार सम्मेलनमा राष्ट्रिय महाधिवेशनको सन्देश प्रचारमूलक जिङ्गल सार्वजनिक गरिएको थियो ।*

**पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका ‘गोल्डेन न्यूज राष्ट्रिय दैनिक’ खोजी-खोजी पढ्ने गरौं ।**

**गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पनि**
Log on : www.goldennews.com.np

## कौणिन्य गोत्रीय आचार्य बन्धुहरुको
## कुल पूजा सम्बन्धी सूचना

**जुम्ला जिल्ला जन्म थलो भई हाल मुख्य वासस्थान कास्की जिल्ला भरतपोखरी गा वि स वडा नं ७ मा वासस्थान भएका कौणिन्य गोत्रिय आचार्य वन्धुहरुको कुल पूजा निम्न मिति र स्थानमा हुन लागेको हुँदा सम्पूर्ण भाई वन्धुहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।**

**मिति** : २०७१ असार १८ गते बुधबार
**स्थान** : वरविर्ता स्थित कुल देवताको मन्दिर

**आयोजक**
**कौणिन्य गोत्रीय आचार्य भरतपोखरी गा.वि.स.**

## स्तरीय फिजियोथेरापी

स्पार्क अस्पताल, काठमाडौंबाट वरिष्ठ फिजियोथेरापिष्ट डा.अनिल महतो प्रत्येक महिनाको तेस्रो शनिबार र यसपटक असार २१ गते आउनुहुने भएकाले स्तरीय फिजियोथेरापी तथा उपचार चाहनुहुने व्यक्तिहरुले सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**उपचार हुने रोगहरू** : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

**स्पार्क बि. एण्ड डि. हस्पिटल**
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

## के तपाईमा यौनसम्बन्धी समस्या छ ???

**पुरूषमा देखिने**
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरूमा देखिने**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार**

जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
**माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
**फोन**: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१




सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा